"२१औं शताब्दी अहिन्दु मूलबासी मंगोल मुक्तिको शताब्दी हो"

लोकतन्त्र ! धर्म निरपेक्ष !! प्रान्तिय सरकार !!!



# Mongol National Organization-Dr. Gopal Gurung

Federal Assembly , Kathmandu

# मंगोल नेशनल अर्गनाइजेशन-डा. गोपाल गुरुङ

प.सं./च.नं. (Ref No.) 66–2079/80 दिनाङ्क: 07 अगष्ट 2022

सम्मानिय प्रधानमन्त्री

शेर बहादुर देउबा ज्यू,

प्रधानमन्त्री निवास, बालुवाटार, काठमाडौं, नेपाल।

**बिषयः ज्ञापनपत्र बुझाइएको सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा मंगोल नेशनल अर्गनाइजेशन-डा.गोपाल गुरुङ(MNO-DGG) लामो समयदेखि लोकतन्त्र, धर्मनिरेपक्षा र प्रान्तीय सरकार स्थापनाको निम्ति संघर्ष गर्दै आएको गौरवशाली संगठन हो। मंगोल नेशनल अर्गनाइजेशन-डा.गोपाल गुरुङ (MNO-DGG) कुनै पनि हिंसात्मक राजनीतिमा बिश्वास गर्दैन। मुलुकमा भएका समस्त समस्याहरू शान्तिपूर्ण राजनीतिबाट नै समाधान हुन्छ भन्ने बिश्वास राख्दछ। तथापि वर्तमान अवस्थामा देश चरम आर्थिक, राजनैतिक र सामाजिक रूपमा गम्भीर अवस्थामा पुगेको छ।

ऐतिहासिक संघर्ष, जनआन्दोलन र नेपाली नागरिकहरूको बलिदानबाट प्राप्त उपलब्धीहरू राज्यले अझ पनि सम्बोधन गर्न सकेको छैन। नाम मात्रैको लोकतान्त्रिक गणतन्त्र (Democratic Republic) संघात्मक शासन व्यवस्था भनिएको छ यद्यपी हिजोकै सामन्ती व्यवस्थाको अवशेष कायम छ, चाहे त्यो शासकीय स्वरूप, शासन प्रणाली वा प्रतिक, चिन्ह सामन्ती व्यवस्थाकै कायम छन्।

संसदीय व्यवस्था २००७ को क्रान्ति पश्चात अवलम्बन गरे पनि २०१५ फागुन ७ देखि २०१६ बैशाख २१ गते सम्ममा संसदको पहिलो साधारण निर्वाचन सम्पन्न गरि नेपालकै इतिहासमा पहिलो पटक निर्वाचित सदस्यहरू भएको संसदको गठन भएको थियो। क्रान्तिलाई मौखिक मान्यता दिएर जनतालाई धोका दिने देशद्रोही र बदमाशहरूको पार्टी बुर्जुवा संसद हो। ( Bourgeois Parliament is a party of traitors and scoundrels which deceives the people by the verbal recognition of revolution.) यस्तो मान्यता राख्ने कथित कम्युनिष्ट पनि आमुल परिवर्तन (Radical Change) को बोक्रे नारा दिएर कथित जनयुद्ध गरे। अहिले आएर बुर्जुवा संसद नै प्यारो भयो। ६८ बर्ष पछि नेपालले सुधारिएको संसदीय व्यवस्था भन्दै गर्व गऱ्यो तर केपी ओलीले २ पटक विघटन गरेर संसदीय व्यवस्थालाई चुनौति दिए। यसरी शासकहरूको भकुण्डो खेल भएको संसदीय व्यवस्थाले नेपालका शासकहरू नेपाली नागरिकप्रति जवाफदेही हुन सकेन्। त्यसैले अर्ध-राष्ट्रपति प्रणाली होइन नागरिकले प्रत्यक्ष चुनेको कार्यकारी गणतन्त्र राष्ट्रपति (Republic Presidential) प्रणालीलाई अवलम्बन गर्नुपर्छ।

संघीयतालाई संघीय अधिकारबाट बञ्चित गरेको छ र केवल केन्द्रीकृत प्रशासनिक संघीयता मात्र हो। ऐतिहासिक पृष्ठभुमि भाषिक, सांस्कृतिक, भौगोलिक अस्तित्वलाई वेवास्ता गरिएको र अधिकार बिहीन अन्तराष्ट्रिय रूपमा पनि हैसियत शून्य बनाइएको छ। राज्यको शक्ति, स्रोत र साधन केन्द्रमा राखिएको अधिकार विहिन एकात्मक राज्यसत्ताको जिल्ला, गाबिस यथावत कायम राखिएको छ। मूलबासीहरूको सामुहिक बसोबासलाई निर्वाचन क्षेत्रमा विभाजित गरि छिन्न भिन्न बनाइएको मात्रै हैन मूलबासीहरूलाई चुनाव जित्न नसक्ने अवस्था सृजना गरिएको छ। प्रदेशको हैसियत पालिका सरह पनि दिइएको



Webite: www.mnodgg.com / Email:-mnogg.latter@gmail.com/ Po. Box No.2828 Kathmandu, Nepal.

छैन । स्थानीय संरचणाहरू ऐतिहासिक पृष्ठभुमि, भाषिक पृष्ठभूमि र सभ्यतालाई नष्ट गर्ने गरि एकल धार्मिक, एकल नश्लमा आधारित बनाइएका छन् , "धर्मनिरपेक्ष" को मर्म बिपरित नेपाललाई हिन्दु राष्ट्र बनाइएको छ र हिन्दु बाहेकका धर्म र धर्मावलम्बीलाई (बौद्ध, किरात, बोन, इस्लाम, इसाइ) विभेद अपमान र दोस्रो दर्जाको हैसियत बनाइएको छ । विचार अभिव्यक्ति, शान्तीपूर्ण भेला राजनीतिक संघ संस्था खोल्न पाउने मौलिक हकहरू प्रतिवन्ध लगाउने सक्ने प्रावधान व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक मौलिक हकमा पर्ने तर मूलबासीकै सम्मानपूर्वक बाँच्न पाउने हक निर्देशक सिद्धान्तभित्र राख्नु पनि मूलबासीलाई दोस्रो दर्जाको नागरिक बनाउनु हो । जातिय विभेदमा नपरेका तर आर्थिक रूपमा बिपन्न खस आर्य आर्थिक बिकासको कार्यक्रमबाट उत्थान गर्नु पर्नेमा कोटा आरक्षणको व्यवस्था गरिएको छ । समानताको लागि अपनाइएका यस्ता उपायहरू ऐतिहासिक रूपमा विभेदमा परेका, राज्यबाट बहिस्करणमा पारिएका राज्य खोसिएका र छुवाछुत जस्तो अमानवीय असमानताको हकमा समानताको उपाय लागू हुनुपर्ने तर यहाँ त बुझी नसक्नु छ । कुन आधारमा कोटा, आरक्षणको हकदार हुन्छन् खस आर्य ? खुल्ला प्रतिष्प्रधकिो आधारमा खसआर्य नै आउने कोटा आरक्षणबाट पनि भाग नहराउने भएपछि मूलबासी मंगोलहरूले निरन्तर रूपमा विभेद र बञ्चित हुनै पर्ने अवस्था छ । यसरी राज्यले वेवास्ता गर्ने र बाहुनवादी सर्वोच्चता (Supremacy) कायम राख्ने हो भने नेपालमा क्रान्तिको अर्को निम्तो गर्नु हो ।

तसर्थ, समयमा नै मुलुकलाई दोस्रो श्रीलंकाको बन्न नदिन अल्पकालिन र दीर्घकालिन पाइला चाल्नु बुद्धिमानी ठहर्नेछ । देश र नागरिकलाई दुर्घटना हुन्बाट बचाउनको निम्ति ५५ बुँदे ज्ञापनपत्र नेपाल सरकार समक्ष बुझाएकाछौं । ज्ञापनपत्र भित्र रहेका एजेन्डाहरूलाई गम्भीरता साथ ध्यानाकर्षित नगरी कार्यन्वयन नगरे सशक्त आन्दोलनको निम्ति नागरिकको माझमा जानेछौं । उल्लेखित परिस्थितिबाट उत्पन्न भएको सम्पूर्ण परिणामहरू स्वयं नेपाल सरकार हुनेछ भनी सम्मानिय प्रधानमन्त्री ज्यूलाई ध्यानाकर्षण गर्दछौं ।

हाम्रो मागहरू

१. बाहुनवादी सर्वोच्चता (Supremacy) कायम गर्ने कथित नेपालको संविधान २०७२ पुर्नलेखन गरिनुपर्छ ।

२. बिभिन्न समयमा गरिएको राष्ट्रघाती सन्धीहरू पुनरवलोकन गरि खारेज गरिनुपर्छ । नागरिकले समेत बिरोध गर्दै गरेको एमसीसी जस्ता सम्झौता जबरजस्ती लाद्नु पाइन्दैन ।

३. ग्रिनहाउस इफेक्ट (Greenhouse Effect) वा हरितघरबाट $Co2$ ग्यास उत्सर्जनका कारण हावापानी परिवर्तन (Climate Change) भइरहेको छ । भूमण्डलीय ऊष्णीकरण (Global Warming) को डरलाग्दो स्थिति उत्पन्न भएको छ । यसप्रति पृथ्वीवासी गम्भिर नहुने हो भने र राज्यले सहि नीति नलिए प्राकृतिक रूपमा मरूभुमि हुनेछ । त्यसैले पृथ्वीको आयुलाई लम्बाउन, समस्त प्राणीहरूको रक्षा गर्न वातावरण मैत्री अर्थतन्त्रको अवलम्बन गर्दै अघि बढ्नु आजको पहिलो आवश्यकता हो ।

४. पूर्ण संघात्मक शासन व्यवस्थाको सिद्धान्त अनुसार परराष्ट्र, रक्षा, टक्सार भन्सार, सञ्चार संघलाई बाँकी अधिकार प्रान्तलाई हुनुपर्छ ।

५. नागरिकद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था गरिनु पर्छ । ५ बर्षको कार्यकाल बढिमा दुइ कार्यकाल मात्र बन्न पाउने हुनुपर्छ ।

६. सांसद कटौती गर्दै बढी १५० जनाको हुनुपर्छ । राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट बढिमा ४ जनाको व्यवस्था गर्नुपर्छ । भागभण्डा मिलाउन अनावश्यक मन्त्रालयको सृजना गरि राज्यको ढुकुटी दोहन गर्न तत्काल बन्द हुनु पर्छ र आर्थिक भार कम गर्न मुख्य-मुख्य मन्त्रालय बाहेक अरू खारेज गरिनु पर्छ ।

७. प्रतिनिधि सभा र प्रदेश सभाको समुदायगत कलस्टरमा खस आर्यलाई ऐतिहासिक विभेद, समावेश गरिनु समानता सम्बन्धि अन्तराष्ट्रिय मापडण्ड विपरित र एकल नश्लीय बर्चश्वको निरन्तरता भएकाले खारेज हुनुपर्छ ।

८. गाई गोरू काटेर खाएको झुटा आरोप लगाएर थुनामा राखिएका, मुद्दा लगाइएका सम्पूर्णलाई धरौटी फिर्ता गरि स-सम्मान विनासर्त तुरुन्त रिहा गरिनुपर्छ ।

९. श्रमजीवि नागरिकको ढाड भाचिने गरि भइरहेको अत्यधिक कृत्तिम मुल्यबृद्धि, कालोबजारी तुरून्त नियन्त्र गरिनुपर्छ ।



Webite: www.mnodgg.com / Email:-mnogg.latter@gmail.com/ Po. Box No.2828 Kathmandu, Nepal.

१०. भ्रष्टचारीलाई आजिवन काराबास सजायको व्यवस्था गर्ने साथै निजको सम्पूर्ण सम्पत्ति राष्ट्रियकरण गर्ने। नेता, सरकारी कर्मचारी, पत्रकार र वकिलहरूको पनि सम्पत्ति सुद्धिकरण गर्नु पर्ने कानुनी व्यवस्था हुनुपर्छ।

११. दिगो विकास र स्थायी शान्तिको निम्ति पनि सेना, प्रहरी, प्रशासनिक क्षेत्रमा समुदायको जनसंख्याको अनुपातमा पूर्ण समानुपातिक पद्धतिलाई लागू गर्नुपर्छ।

१२. मूलबासी (Indigenous) हरूलाई आदिबासी जनजाति (Nomad Gypsy) र दलित भन्न तुरून्त बन्द गरिनु पर्छ।

१३. अहिन्दु मूलबासी मंगोलको चौतर्फी बिकासको निम्ति मंगोल नेशनल अर्गनाइजेशन-डा.गोपाल गुरूङ को तर्फबाट नै एकजना मन्त्री अटुट रूपले राख्नु पर्ने व्यवस्था संविधानमा नै किटान गरिनु पर्छ जसले गर्दा अहिन्दु मूलबासी मंगोलको सम्पूर्ण हितार्थ यसै मन्त्रालयले नीति निर्धारण गर्ने व्यवस्था हुनुपर्छ।

१४. नेपालले कुनै पनि मुलुक सँग लडाईमा होमिनु पर्ने नीति नलिएको र नेपाली सेनाले कुनै पनि मुलुकको आक्रमण थेग्न नसक्ने भएकोले नेपाललाई ५०हजार भन्दा बेढी सेनाको आवश्यकता नपर्ने भएकोले ऋण भार नेपाली नागरिकलाई नबोकाई कटौटी गरि १६ बर्षदेखि ४० बर्षभित्रका प्रत्येक नागरिकलाई सैनिक तालिम अनिवार्य गर्नु पर्छ। जसले आफ्नो सुरक्षा आफै गर्न सक्छ।

१५. गोर्खा भर्तीलाई रोक्दै देशमा दिनहुँ हजारौं बिदेशीन बाध्य पारिएका युवाहरूलाई स्वदेशमै रोजगारको व्यवस्था गरिनु पर्छ।

१६. निर्वाचन आयोगको सामप्रदायिक र विभेदकारी नीति सच्चीनु पर्छ साथै मंहगो चुनावी प्रणाली परिर्वतन गर्नुपर्छ।

१७. चुनावमा राखिएको थ्रेसहोल्डले लोकतन्त्रको धज्जी उडाएको छ। कुनै पनि उदियमान राजनैतिक शक्तिलाई मूलधारमा प्रवेश रोक लगाएको हुँदा यसले स्थायी शान्ती र दिगो बिकासमा बाधा उत्पन्न भई मुलुक दुर्घट्नामा पर्न सक्ने भएको हुँदा यसलाई तुरून्त खारेज गरिनु पर्छ।

१८. प्रवासमा रहेका नेपाली नागरिकहरूलाई पनि भोट हाल्ने अधिकार (Voting Rights) सुनिश्चित गर्नु पर्छ।

१९. लोकसेवा आयोगको परिक्षालाई प्रत्यक्ष, पारदर्शी रूपमा सञ्चालन गर्नुपर्छ। ऐतिहासिक विभेदमा परेका समुदाय आधारमा प्रतिनिधित्वको व्यवस्था हुनुपर्छ।

२०. नेपालीहरूले दोहोरो नागरिक्ता पाउनु पर्छ। अर्को देशमा कुनै कारणले त्यस देशको नागरिक्ता छ, वा पाएको छ भने पनि नेपाली भएकोले नेपालको नागरिक्ता रहि रहनु पर्छ।

२१. नेपालको झण्डा सहि अर्थमा हिन्दु साम्राज्यवादीको प्रतिक भएकोले यो अराष्टिय झण्डा हो। यसकारण तथाकथित राष्ट्रिय नामाकरण गरिएको अराष्ट्रिय झण्डा बद्लनु पर्छ।

२२. बिक्रम संवत खारेज गरि नेपालका मौलिक संवत ऐलेढोङ, बुद्ध संवत र नेपाल संवतहरूलाई राष्ट्रिय सम्वत क्यालेण्डर बनाइएनु पर्छ र सन् संवतलाई पनि मान्यता दिइनु पर्छ।

२३. राष्ट्रिय जनावर गाई होइन, कस्तुरी मृग राखिनु पर्छ।

२४. सबैखाले जातिभेद(caste based discrimination), वर्णभेद (Racial Discrimination) पूर्णरूपमा अन्त्य हुनुपर्छ।

२५. नेपालका सम्पूर्ण मातृभाषा, लिपी संरक्षण संवर्द्धन गर्नका निमित्त राज्यबाट सहयोगको व्यवस्था गरिनुपर्छ साथै भाषा, लिपी, संस्कार संस्कृतिको अध्ययन अध्यापन गर्ने भाषा विश्वविद्यालयको स्थापना गरिनुपर्छ।

२६. सरकारले लागूगरेको करप्रणाली उपयुक्त छैन यसलाई व्यापक परिवर्तन गरि नागरिक मुखि बनाइनुपर्छ।

२७. "राइट टु रिकल" को व्यवस्था गरिनुपर्छ।

२८. सपथ ग्रहण गर्दा ईश्वरलाई साँची राखेर होइन नागरिक र माटोलाई साँची राखेर गरिनु पर्छ।



Webite: www.mnodgg.com / Email:-mnogg.latter@gmail.com/ Po. Box No.2828 Kathmandu, Nepal.

२९. एकाधिकार बजारीकरण तुरुन्तै बन्द गरिनु पर्छ साथै सिन्धिकेट प्रणाली पूर्णरूपमा खारेज हुनु पर्छ।

३०. सम्पूर्ण नागरिकलाई गाँस, बास, कपास, र रोजगारको पूर्ण ग्यारेन्टी गरिनु पर्छ।

३१. सम्पूर्ण सुकुम्बासी माथी अध्ययन, अनुसन्धान गरि सक्कलीको पहिचान गरि दीर्घकालिन आवासको व्यवस्थापन गरिनु पर्छ।

३२. आइएलओ १६९ ले प्रत्याभुत गरेको स्रोत माथीको अधिकार जल, जंगल र जमिनको स्वामित्व मूलबासीको हुने भएकाले पनि अन्तराष्ट्रिय सन्धि, घोषणा नीतिका आधारमा कार्यान्वयन हुनुपर्छ।

३३. किसानहरूको सम्पूर्ण समस्याहरुलाई दीर्घकालिन समाधान गरिनु पर्छ।

३४. अति आवश्यक बस्तु बाहेक सम्पूर्ण आयातमा तुरून्त रोक लगाई निर्यात बढाउनु पर्छ।

३५. सम्पूर्ण नेपाली नागरिकलाई राज्यको स्रोत समान वितरण गरिनु पर्छ।

३६. प्रत्येक नागरिकलाई नि:शुल्क बिमाको व्यवस्था गरिनु पर्छ।

३७. अपाङ्गहरुलाई बिशेष सेवा सुविधा उपलब्ध गरिनु पर्छ।

३८. नेपालमा राजस्थानबाट मुगोलको खेद्दाई पछि वर्तमान नेपाल भित्रेका शाहाहरूले राजसत्ता आफ्नो मुठ्ठीमा पारेपछि ( अराष्ट्रिय पोषाक दौरा-सरवाल) र नेपाली बनाइएको मुलसमानी टोपी (Fez) लाई राष्ट्रिय बनाउने काम पुन: भएको छ। यसको ठाउँमा ऐच्छिक बनाउनु जरूरी छ।

३९. खस लिपीलाई देवनागरी लिपी भन्नु र संविधानमा लेख्नु बन्द गरिनु पर्छ।

४०. सरकारी कर्मचारीबाट सामान्य नागरिक माथी हुने ढिला सुस्ती र दु:ख कष्ट दिने भ्रष्ट कर्मचारीलाई तुरून्त बार्वाही हुनु पर्छ।

४१. देशभर रहेका सम्पूर्ण सरकारी संस्थानका सम्पत्ति सार्वजनिक गरिनु पर्छ।

४२. नेपाल आयल निगमले वितरण गरेको इन्धन सुविधाको सम्पूर्ण खर्च सार्वजनिक गरिनु पर्छ।

४३ छिमेकी मुलुकले सिमा मिचेको होकी शासकले बेचेको हो ? मिचिएको भए तुरून्त फिर्ता गर्न बिशेष पहल गर्नुपर्छ र सिमानामा सिसि क्यामरा जडान गरि सिमा रक्षाको बिषेश नीति निर्माण गर्दै सिमानामा कडाई गरिनु पर्छ।

४४. भारत र चीनसँगको व्यापार घाटाको दीर्घकालिन समाधान गर्न अग्रसर हुनु जरूरी छ।

४५. बिदेशीलाई नागरिकता दिने र नेपालको अस्तित्वलाई समाप्त पार्ने खेल तुरून्त बन्द गरिनु पर्छ।

४६. बैदेशिक त्रृण लिएर सम्पूर्ण नेपाली नागरिकलाई त्रृणको भार बोकाउने राष्ट्रघाती कदम तुरून्त बन्द गरिनुपर्छ।

४७. सेवा सुविधाको नाममा राज्यको ढुकुटी दुरूपयोग गर्न बन्द गरिनुपर्छ।

४८. सबै धर्मलाई राज्यले व्यवहारिक रूपमा सम्मान गरिनु पर्छ। र धर्मनिरपेक्षतालाई व्यवहारिक रूपमा कायम गरिनु पर्छ।

४९. सरकारी नियुक्तिमा हुने दलगत हस्तक्षेप, न्यायलयमा हुने राजनैतिक हस्तक्षेप अविलम्ब बन्द गरि नातावाद, जातिवादको आधारमा नभइ क्षमता, योग्यताको आधारमा नियुक्ति हुनुपर्छ।

५०. सम्पूर्ण नागरिकले लगानी गरिएको उद्योग, व्यापार व्यवसायमा बिमाको व्यवस्था गरिनुपर्छ।

५१. स्वदेशी सम्पत्ति बिदेशमा लगानी गर्न पूर्ण रूपमा बन्द हुनुपर्छ साथै विदेशबाट आउने सम्पत्ति खुल्ला गरिनुपर्छ।

५२. डिएनएमा आधारित नागरिताको व्यवस्था गरिनु पर्छ।



Webite: www.mnodgg.com / Email:-mnogg.latter@gmail.com/ Po. Box No.2828 Kathmandu, Nepal.

५३. नारीहरूलाई पुरूष सरहको अधिकार प्रदान गरिनुपर्छ। राज्यको सबै अंगमा नारी प्रतिनिधित्व ५०% सुनिश्चित गरिनु पर्छ।

५४. दैनिक जसो हुने हत्या, हिंसा, बलात्कार, वर्णभेद, जातिभेद र जघन्य अपराध पूर्णरूपमा अन्त हुनुपर्छ।

५५. राज्यद्वारा बन्द गरिएका सम्पूर्ण उद्योग कलकारखाना पूनः सञ्चालन गरिनुपर्छ। साथै अध्ययन, अनुसन्धान, आविस्कारको क्षेत्रमा कम्तीमा ४ प्रतिशत बजेट छुट्याइनु पर्छ।

नर बहादुर दर्लामी
का.बा. प्रेसिडेण्ट
एमएनओ-डिजिजि
संघीय सभा, काठमाडौं।



Webite: www.mnodgg.com / Email:-mnogg.latter@gmail.com/ Po. Box No.2828 Kathmandu, Nepal.